नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय

# प्रेस विज्ञप्ती

**नेपाल बैंक लिमिटेडद्वारा ८४औं बार्षिकोत्सवको उपलक्ष्यमा बिभिन्न सेवाहरु निशुल्क प्रदान गर्ने**

बिक्रम संम्वत् १९९४ कार्तिक ३० गते लक्ष्मीपूजाको दिन स्थापनाभई नेपालको पहिलो बैंक, नेपाल बैंक लिमिटेडले देशको ६४ जिल्लामा रहेका आफ्ना १९१ शाखा, १२६ एटिएम तथा ३६ वटा एक्टेन्शन काउण्टर मार्फत् देश र आम नेपालीको बैंकिङ्ग सेवामा समर्पित रहि अत्याधुनिक बैंकिङ्ग सुबिधाहरुउपलब्ध गराउदै आइरहेको छ ।

बैंकले आफ्नो स्थापनाको ८४ औं वर्ष प्रवेशको सुखद् अवसरमा आफ्ना आदरणीय ग्राहक महानुभावहरुको अटल विश्वास र भरोसाको उच्च कदर गर्दै यहि कार्तिक १ गते देखी निक्षेप खाताहरुमा Mobile Banking, Internet Banking, Demat Account, Mero share, C-ASBA र VISA Debit कार्ड निःशुल्क प्रदान गर्ने भएको छ ।

साथै बैंकद्वारा ८४औं बार्षिकोत्सवको उपलक्ष्यमा बिभिन्न कार्यक्रमहरु समेत संचालन गरिदैछ ।

आदरणीय ग्राहक महानुभावहरुबाट आगामी दिनहरुमा पनि सदाझै विश्वास र भरोसा प्राप्त रहने विश्वासका साथ बैंकको ८४ औं वार्षिकोत्सवको शुभ-अवसरमा आफ्ना ग्राहक महानुभावहरुमा अझ बढी अत्याधुनिक बैंकिग सेवा, सुविधाहरु प्रदानगर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछौ ।

धन्यवाद ।

प्रकाशकुमार अधिकारी
प्रवक्ता

मिति: २०७७/०७/०१